# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्या : २, असार ३१ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका विनियोजन ऐन, २०८१

सभाबाट पारित मिति : २०८१।३।२५

**प्रस्तावना :** व्यास नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी व्यास नगर सभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "व्यास नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले व्यास नगरपालिकाको विनियोजन ऐन, २०८१ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले व्यास नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले व्यास नगरपालिकाको सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **आर्थिक वर्ष २०८१/०८२ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने** : आर्थिक वर्ष २०८१/०८२ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.२,१७,२९,४३,०००। (अक्षेरुपी दुई अरब सत्र करोड उनान्तीस लाख त्रिचालीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

४. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त व्यास नगरपालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजीगत खर्च र वित्तीय व्यवस्थापनतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थापन खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृत लिनु पर्नेछ ।

## अनुसूची १
### (दफा (२) सँग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

**रु.हजारमा**

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | नगर कार्यपालिका | ९७,५१,९९। | १,०३,८२,४४। | ०। | २,०१,३४,४३। |
| २. | | वडा समिति | ०। | ०। | ०। | ०। |
| ३. | | विषयगत शाखा | ०। | ०। | ०। | ०। |
| ४. | | ऋणको साँवा, ब्याज भुक्तानी | ९५,००। | १,५०,०००। | ०। | १५,९५,००। |
| ५. | | लगानी (शेयर/ऋण) | ०। | ०। | ०। | ०। |
| | | जम्मा | **९८,४६,९९।** | **१,१८,८२,४४।** | **०।** | **२,१७,२९,४३।** |

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत